बैठक संख्या २३

बैठक संख्या २३

आज मिति २०७६ साल बैशाख १६ गतेका दिन गाउँपालिका अध्यक्ष श्री लछिमन बोहोरा ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहायका निर्णयहरु गरियो ।

उपस्थिति:

| | |
|---|---|
| श्री लछिमन बोहोरा | अध्यक्ष |
| श्री पुन्नकली महतारा | उपाध्यक्ष |
| श्री दत्त बहादुर बुढा | सदस्य |
| श्री कन्न बोहोरा | सदस्य |
| श्री विर्षराम बोहोरा | सदस्य |
| श्री काली बहादुर रावत | सदस्य |
| श्री ~~डिल बहादुर बुढा~~ लक्ष्मण ओली | सदस्य |
| श्री धन बहादुर थापा | सदस्य |
| श्री लाल बहादुर बुढा | सदस्य |
| श्री लक्ष्मी बोहोरा | सदस्य |
| श्री जालकली बुढा | सदस्य |
| श्री माया बुढा | सदस्य |
| श्री चैती ऐडी | सदस्य |
| श्री मैना कामी | सदस्य |
| श्री पानकली नेपाली | सदस्य |
| श्री टेक बहादुर बुढथापा | सदस्य सचिव |

आमन्त्रितहरु:

| | |
|---|---|
| श्री प्रेम बहादुर शाही | सूचना प्रविधि अधिकृत |
| श्री दान बहादुर विष्ट | अधिकृत |
| श्री दान बहादुर शाही | अधिकृत |
| श्री जितेन्द्र रावत | |
| श्री केश प्रसाद न्यौपाने | सह-लेखापाल |
| श्री मान बहादुर थामी | का स |

बैठकका एजेण्डाहरु:

- रकमान्तर सम्बन्धमा
- रिनी विद्यालय भवन मर्मत सम्बन्धमा
- उर्थू बालु र लुम पुल वारिपारी बाली सम्बन्धमा
- कर्णाली हाइअल्चिटयूड ट्रेनिङ सेन्टर सम्बन्धमा
- लक्षित वर्ग रकम सम्बन्धमा
- एम्बुलेन्स भाडा समबन्धमा
- उपाध्यक्षको बजेट वक्तव्य सम्बन्धमा
- विपद् प्रतिकार्य योजना तथा स्थानीय विपद् व्यवस्थापन समिति गठन सम्बन्धमा
- हेलिप्याड निर्माण सम्बन्धमा
- योजना संशोधन सम्बन्धमा

**निर्णय नं. १**

प्रस्ताव नं १ मा छलफल गर्दा यस पातारासी गाउँपालिकाको आ व २०७५।०७६ को स्वीकृत वार्षिक चालु तर्फको बजेट शिर्षकहरुमा तपशलि बमोजिम रकमान्तर गर्ने निर्णय गरियो ।

तपशिलः

१. निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार शिर्षकमा विनियोजन गरिएको रु २५ लाखबाट रु ६ लाख २५ हजार दैनिक भ्रमण खर्च शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो ।
२. निर्मिति सार्वजनिक सम्पत्तिको मर्मत सम्भार शिर्षकमा विनियोजन गरिएको रु १९ लाख ७५ हजारबाट रु ३ लाख ५० हजार रकम कार्यालय सञ्चालन खर्चमा रकमान्तर गर्ने निर्णय गरियो ।
३. निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार शिर्षकमा बाँकी रहेको १६ लाख २५ हजारबाट पोशाक भत्तामा रु १ लाख ६५ हजार रकमान्तर गर्ने निर्णय गरियो ।
४. अन्य सेवा शिर्षकमा विनियोजन गरिएको रु ५ लाखबाट महङ्गी भत्ता शिर्षकमा ७० हजार रकमान्तर गर्ने निर्णय गरियो ।
५. सिप विकास तथा जनचेतना तालिम शिर्षकमा विनियोजित रकममध्ये बाँकी रकम २८ लाख ४० हजारबाट रु ४ लाख सञ्चार महसूल शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं २ मा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत वडा नं ७ रिनी स्थित श्री सरस्वती माध्यमिक विद्यालयको भवन निर्माणको लागि आकस्मिक कोषबाट रु ४ लाख विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं ३ मा छलफल गर्दा यस पातारासी गाउँपालिक अन्तर्गत वडा नं ६ अन्तर्गतको बालु भन्ने स्थानमा सडक खण्डमा पर्ने जग्गाधनिलाई बाली क्षतिपूर्ति वापत समिति मार्फत रु १ लाख ५० हजार र वडा नं ४ अन्तर्गत लुमनदि पुल वारिपारिका जग्गा धनिलाई बालीको क्षतिपूर्ति वापत रु ४० हजार पूँजीगततर्फको राहत तथा पूनर्स्थापना कोष शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं ४ मा छलफल गर्दा यस पातारासी गाउँपालिका वडा नं ३ अन्तर्गत लोटचौरमा प्रस्तावित हाईअल्टिच्यूट ट्रेनिङ्ग सेन्टरको **DPR** प्रमाणित गराई राष्ट्रिय खेलकुद परिषद मार्फत प्रदेश सरकार र संघीय सरकारको आगामी आ. व. को कार्यक्रममा समावेश गराउन गाउँपालिका अध्यक्ष लगायत सरोकारवालाको प्रतिनिधि मण्डल सुर्खेतहुँदै काठमाण्डौ सम्म जान आवश्यक देखिएकाले सोको लागि आवश्यक खर्च रकम गाउँपालिकाले व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं ५ मा छलफल गर्दा चालु आ व को लक्षित वर्गका लागि विनियोजित रकम निम्नानुसार कार्यान्वयन गर्ने निर्णय गरियो ।

निम्नः

१. महिला :- मदिरा नियन्त्रण र बाल विवाह न्यूनीकरण अभियान ।
२. युवा :- सामाजिक विकृति विसंगति न्यूनीरकण ।
३. दलित :- प्रविधि हस्तान्तरण (आरन) ।
४. जनजाति :- गुम्बा मर्मत ।
५. अपाङ्गः- सिपमुलक तालिम कार्यक्रम ।
६. जेष्ठनागरिकः- जेष्ठनागरिक संघ जुम्लालाई कार्यालय सञ्चालन वापत रु २० हजार उपलब्ध गराउने, संख्याका आधारमा जेष्ठनागरिक ७० वर्ष माथीकालाई हर्लिक्स लगायत पौष्टीक आहार

वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं ६ मा छलफल गर्दा यस पातारासी गाउँपालिकामा सञ्चालित एम्बुलेन्सको भाडा तपशिल बमोजिम निर्धारण गर्ने निर्णय गरियो ।

तपशलिः

| क सं | देखि | सम्म | भाडा दर | कैफियत |
|---|---|---|---|---|
| १ | गढिगाउँ | जुम्ला बजार | ३००० | |
| २ | तल्फी र पेरे | जुम्ला बजार | २५०० | |
| ३ | हुरी महरी | जुम्ला बजार | ३००० | |
| ४ | छुम | जुम्ला बजार | २७०० | |
| ५ | चौर | जुम्ला बजार | २५०० | |
| ६ | मुरुली/लेटिलेक | जुम्ला बजार | २५०० | |
| ७ | लुम /भोटगाउँ | जुम्ला बजार | २२०० | |
| ८ | लासी/डिल्लीचौर/तिर्खु/लाम्री/जप्न | जुम्ला बजार | २००० | |
| ९ | लोर्पा | जुम्ला बजार | १८०० | |
| १० | पटमारा | जुम्ला बजार | २५०० | |
| ११ | बाँता | जुम्ला बजार | २००० | |
| १२ | रिनी | जुम्ला बजार | २००० | |
| १३ | उर्थु/घोडासिन/चौतारा | जुम्ला बजार | १२०० | |

**नोटः** प्रसुती सेवाका महिलाहरुलाई निःशुल्क सेवा उपलब्ध गराउने।

**निर्णय नं. ७**

प्रस्ताव नं ७ मा छलफल गर्दा यस पातारासी गाउँपालिकाका उपाध्यक्षले पहिलो, दोस्रो र तेस्रो गाउँसभामा नीति कार्यक्रम तथा बजेट वक्तव्य गरेबापत चालु आ व को चालु तर्फको अन्य कार्यक्रम शिर्षकबाट रु. ५० हजार प्रदान गर्ने निर्णय गरियो ।

### निर्णय नं. ८

प्रस्ताव नं ८ मा छलफल गर्दा विपद व्यवस्थापनका लागि तपशिल बमोजिमको गाउँपालिका स्तरीय स्थानीय विपद व्यवस्थापन समिति गठन गर्ने र विपद प्रतिकार्य योजना तयार गर्ने निर्णय गरियो ।

**तपशिल**

| क्र सं | नाम थर | प्रतिनिधित्व | पद |
|---|---|---|---|
| १ | लछिमन बोहोरा | गाउँपालि | अध्यक्ष |
| २ | पुन्नकली महतारा | | उपाध्यक्ष |
| | वडा अध्यक्षहरु सबै | | सदस्य |
| | मनोनित वडा सदस्यहरु सबै | | सदस्य |
| | विषयगत शाखा प्रमुख सबै | | सदस्य |
| | प्रहरीचौकी डिल्लीचौर र उर्थूचौतारा प्रमुख | | सदस्य |
| | गैर सरकारी संघ संस्थाका प्रतिनिधीहरु १ महिला सहित ३ जना - (रेडक्रस सोसाइटी शाखा पातारासी, क्रिडाक नेपाल जुम्ला र हातेमालो नेपाल जुम्ला ।) | | सदस्य |
| | विपद व्यवस्थापन सम्बन्धी विज्ञ | | सदस्य |
| | स्थानीय उद्योग वाणिज्य संघको प्रतिनिधि | | सदस्य |
| | गाउँपालिकाको विपद शाखा प्रमुख | | सदस्य सचिव |

### निर्णय नं. ९

प्रस्ताव नं ९ मा छलफल गर्दा विपदको अवस्थामा राहात तथा उद्धार कार्य प्रयोजनका लागि नेपाल सरकारको नीति अनुसार यस गाउँपालिकाका निम्न वडाका तपशिल बमोजिमका स्थानहरुमा हेलिप्याड निर्माण गर्ने निर्णय गरियो ।

**तपशिल**

| वडा नं | स्थान |
|---|---|

| | |
|---|---|
| १ | माथाचौर |
| २ | खालाढिक |
| ३ | लोटचौर |
| ४ | डिल्लीचौर |
| ५ | लासी |
| ६ | परिलचौर |
| ७ | पटमारा |

**निर्णय नं. ९**

प्रस्ताव नं ९ मा छलफल गर्दा यस पातारासी गाउँपालिकाको वडा नं १ स्थित माथाचौर स्वास्थ्यचौकीको घराबार निर्माणका लागि वडा नं १ ले रु १ लाख र वडा नं २ ले रु १ लाख गरि जम्मा २ लाख वडा अनुदानबाट विनियोजन गरेको तर हाल आएर उक्त घराबार निर्माण कार्य ठेकेदारबाट भएकोले उक्त योजना संशोधन गरि स्वास्थ्यचौकीका लागि औषधि खरिद गर्ने निर्णय गरियो ।

**अर्को आदेश नहुन्जेल सम्मका लागि आजको बैठक स्थगित गरिएको छ ।**